चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

मिति :- २०८०/१२/०६ गते

समय :- बिहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ३० औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

## मिति २०८०/१२/०६ गतेको नगर कार्यपालिकाको ३० औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | सहलगानीमा कृषि व्यवसाय प्रवर्धन, उत्पादनका लागि साझेदारी र दलित / महिला आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्तावमा | पकेट क्षेत्रअनुसारका प्रभावकारी कार्यक्रमको विस्तृत योजना तयार गरी पाँच दिनभित्र आर्थिक विकास शाखामा पेस गरी योजनाको विस्तृत अध्ययन तथा छलफल गरी कार्यक्रम छनोट र कार्यान्वयन गर्ने । | |
| ४ | नगर स्तरीय विपद प्रतिकार्य शिक्षा समूह गठन सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिका स्तरीय विपद् प्रतिकार्य शिक्षा समूह गठन गर्ने । | |
| ५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम योजनाको प्राथमिकता सम्बन्धी प्रस्ताव | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका प्रस्ताव पेस गर्ने सूचनाबमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूले शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेसका विद्यालय र कार्यक्रमहरूलाई प्राथमिकताकरण निर्धारण गरी सिफारिस गर्ने । | |
| ६ | बजेट संशोधनका लागि अनुरोध गर्ने सम्बन्धी प्रस्तावमा | स्वास्थ्य चौकी भवन निर्माण साक्चाखोला चौरजहारी नगरापालिका-१४ रुकुम (पश्चिम) शीर्षको बजेट सहिद स्मृति नगर अस्पताल चौरजहारी नगरपालिका-१० रुकुम (पश्चिम) मा संशोधनका लागि कर्णाली प्रदेश सरकार समक्ष अनुरोध गर्ने । | |
| ७ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव । | वनभोज कार्यक्रम तथा पूर्व जनमुक्ति सेना सम्मान कार्यक्रम २०८० चैत्र ११ गते आइतबार चौरजहारी नगरपालिका-३ स्थित अम्बाचौरजमा आयोजना गर्ने । | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)

## मिति २०८०/१२/०६ गतेको ३० औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'सहलगानीमा कृषि व्यवसाय प्रवर्धन, उत्पादनका लागि साझेदारी र दलित / महिला आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार कृषिको व्यवसायीकरण गरी स्वरोजगार सृजना र आयआर्जन वृद्धि गरी नगरपालिकाको आर्थिक वृद्धि र विकास गरी गरिवी न्यूनीकरण गर्न पकेट क्षेत्रअनुसारका प्रभावकारी कार्यक्रमको विस्तृत योजना तयार गरी पाँच दिनभित्र आर्थिक विकास शाखामा पेस गरी योजनाको विस्तृत अध्ययन तथा छलफल गरी कार्यक्रम छनोट र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'नगर स्तरीय विपद प्रतिकार्य शिक्षा समूह गठन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका स्तरीय विपद् प्रतिकार्य शिक्षा समूह गठन गर्ने निर्णय गरियो।

**तपसिल**

श्री ईश्वरीकुमारी शर्मा बि.एम्. – संयोजक
श्री शेरप्रसाद ढकाल – सदस्य
श्री रामबहादुर सुनार – सदस्य
श्री भीमबहादुर के.सी.- सदस्य (विव्यस अध्यक्ष)
श्री लालबहादुर विष्ट – सदस्य (विव्यस अध्यक्ष)
श्री भीमबहादुर ओली – सदस्य (सामुदायिक वियालय प्रधानाध्यापक)
श्री पुष्पा लामिछाने – सदस्य (संस्थागत विद्यालय प्रधानाध्यापक)
श्री तेजबहादुर बटाला -- सदस्य (नेपाल रेड्क्रस सोसाइटी)

श्री राष्ट्रिय अपाङ्ग महासङ्घ स्थानीय प्रतिनिधि – सदस्य

श्री गोपाल रेग्मी – पत्रकार महासङ्घ

श्री करुणा बयलकोटी – सदस्य (गै.स.स.)

श्री शेरबहादुर ओली - सदस्य (गै.स.स.)

श्री टीकाजङ्ग ओली – सदस्य सचिव (शिक्षा युवा तथा खेलकुद शाखा)

**निर्णय नं. ५ :** प्रस्ताव नं. ४ **'राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम योजनाको प्राथमिकता सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा राष्टपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन निर्देशक समितिको मिति २०८० पुस २९ गतेको निर्णयबमोजिम शिक्षा तथा मानवस्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१/०८२ को लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका प्रस्ताव पेस गर्ने सूचनाबमोजिम यस चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूले शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव पेस गरेबमोजिम तपसिलबमोजिम विद्यालय र कार्यक्रमहरूलाई प्राथमिकताकरण निर्धारण गरी सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | विद्यालयको नाम | प्राथमिकताक्रम नं. | कार्यक्रम |
|---|---|---|---|
| १ | श्री जनप्रिय आधारभूत विद्यालय अङ्गेरी | १ | २ कोठे भवन |
| २ | श्री जनकल्याण आधारभूत विद्यालय रातामाटा चौरजहारी १३ | २ | ४ कोठे भवन |
| ३ | श्री जनज्योति आधारभूत विद्यालय मुलापानी चौरजहारी ६ | ३ | ४ कोठे भवन |
| ४ | श्री माध्यमिक विद्यालय कोटजहारी चौरजहारी ७ | ४ | ४ कोठे भवन |
| ५ | श्री सरस्वती माध्यमिक विद्यालय घरेलीचौर चौरजहारी १३ | ५ | ४ कोठे भवन |
| ६ | श्री जनकल्याण माध्यमिक विद्यालय खागल | ६ | ४ कोठे भवन |
| ६ | श्री कालिका आधारभूत विद्यालय लयाँटा चौरजहारी ८ | ५ | ४ कोठे भवन |
| ७ | श्री आधारभूत विद्यालय लहरेसिमल चौरजहारी ५ | १ | लाइब्रेरी |

... ढकाल
... अधिकृत

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'बजेट संशोधनका लागि अनुरोध गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा कर्णाली प्रदेश नगद अनुदान स्रोत स्वास्थ्य उपक्षेत्र अन्तर्गत यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई **'स्वास्थ्य चौकी भवन निर्माण साक्चाखोला चौरजहारी नगरापालिका-१४ रुकुम (पश्चिम)'** शीर्षकमा रु. ३५,००,०००। (पैतिस लाख) बजेट विनियोजन भएकोमा सोही स्वास्थ्य चौकी भवन निर्माणका लागि सङ्घ सरकारबाट विशेष अनुदानतर्फ रु. ८०,००,०००। (असी लाख) विनियोजन भई कार्यान्वयन भइसकेकोले उक्त योजनामा दोहोरो बजेट विनियोजन हुन गएको हुँदा दोहोरो हुन गएको कर्णाली प्रदेश सरकारको शीर्षक र बजेट संशोधन गरी स्वास्थ्य क्षेत्रकै बजेट अति आवश्यक रहेको **'सहीद स्मृति नगर अस्पताल पूर्वाधार निर्माण चौरजहारी नगरपालिका-१० रुकुम (पश्चिम)'** शीर्षकमा बजेट संशोधनका लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका र मानसिक स्वास्थ्य तथा परामर्श सेवा केन्द्र (CMC), नेपालसँगको आर्थिक सहयोगमा प्रत्यक्ष रूपमा द्वन्द्व प्रभावित परिवारहरूलाई आपसी सदभाव, मित्रता र मेलमिलाप कायम गर्न प्रेरित गर्न वनभोज कार्यक्रम तथा पूर्व जनमुक्ति सेना सम्मान कार्यक्रम २०८० चैत्र ११ गते आइतबार चौरजहारी नगरपालिका-३ स्थित अम्बाचौरमा आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** : प्रस्ताव नं. ७ **'विविध समसायिक विषयमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका वडा नं. ५ मल्यासिम टोलमा सञ्चालित खानेपानी योजना मर्मत सम्भार नहुँदा खानेपानी आपूर्तिमा समस्या भएकोले उक्त वस्तीमा सञ्चालित खानेपानी योजनाको मर्मत सम्भार तथा व्यवस्थापनका लागि १ लाख ५० हजार रकम सामग्री वापत उपलब्ध गराउने निर्णय गरियो।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख